मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
प.सं. २०८३/०८४/Ref. 2083/084
च.नं./Dispatch No.
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

**विषय: गाडी भाडामा लिने सम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१४, ने.सं. ११४६ यंलागाः ४, बुधबार)**

प्रस्तुत विषयमा मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०४/२९ गतेको निर्णयानुसार यस कार्यालयलाई योजना अनुगमन तथा सुपरीवेक्षण एवं नियमित कार्यालय प्रयोजनका लागि एउटा चार पाङ्ग्रे सवारी साधन आवश्यक भएकोले तपसिलका मापदण्ड र शर्तको अधिनमा रही इच्छुक सवारी धनीहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आफूले दिनचाहेको मासिक भाडादर सहितको दरभाउ पत्र देहायको ढाँचामा तयार गरी सूचनाको म्यादको अन्तिम दिनको कार्यालय समयभित्र दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं. | सवारीधनी विवरण | सवारी साधन विवरण | प्रति महिना भाडा | बहाल कर १०% | जम्मा भाडा अंकमा | जम्मा भाडा अक्षरमा |
|---|---|---|---|---|---|---|
| १ | नाम:<br>ठेगाना:<br>सम्पर्क: | मोडेल:<br>नाम:<br>वर्ष:<br>प्लेट नम्बर: | | | | |

**सवारीसाधनको न्यूनतम मापदण्डः**

१. कम्तिमा ५ सीट बोक्ने क्षमता भएको पिकअप गाडी हुनुपर्ने।

२. गाउँपालिकाको सबै वडामा रहेका कच्ची सडकहरूमा चलाउन मिल्ने चालु अवस्थामा रहेको 4WD Pickup Jeep हुनुपर्ने।

३. मोडेल: २०२३ वा सो भन्दा माथिको हुनुपर्नेछ।

**पेश गर्नुपर्ने कागजातः**

१. मासिक भाडादर उल्लेख गरी दरभाउपत्र (कर सहित),

२. नवीकरण भएको ब्लुबुकको प्रतिलिपि,

३. बीमालेख पत्रको प्रतिलिपि,

४. सवारी धनीको नागरिकताको प्रतिलिपि।

**शर्तहरूः**

१. सवारी साधनको ब्लुबुक नवीकरण भएको हुनुपर्ने,

२. कम्तिमा तेस्रोपक्ष बीमा गरेको हुनुपर्ने,

३. सवारी चालक र इन्धनको व्यवस्था गाउँपालिकाले गर्नेछ,

४. गाडीको मर्मतको सबै खर्च सवारीधनी स्वयंले व्यहोर्नु पर्ने,

प्रमुख प्रशासकीय अधिकृत

५. मर्मत गर्नु पर्ने भई लगातार २ (दुई) दिनभन्दा बढी समयसम्म संचालन नआएको खण्डमा सो अवधीको लागत मूल्य घटाई भुक्तानी गरिने,

६. भाडा रकम भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन बमोजिम भुक्तानी हुने,

७. सवारी भाडा लिदा अग्रिम पेश्की उपलब्ध नगराईने,

८. अन्य आवश्यक विषयहरुको सम्बन्धमा गाउँपालिकाले निर्णय गर्न सक्नेछ।

(पुनश्चः कार्यालयको हितलाई ध्यानमा राखि पेश भएका दरभाउपत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित हुनेछ।)

.........................
विष्णु साहनी
प्रमुख प्रशासकीय अधिकृत